# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७५

## डाक्नेश्वरी नगरपालिका
सप्तरी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

पत्र संख्याः २०७५/७६

च.नं. १४०

मितिः २०७५/१२/२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
डाक्नेश्वरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सप्तरी ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

.................................
(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

## महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छ । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता व्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने ब्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

# महालेखापरीक्षकको कार्यालय

# Office of the Auditor General

**संघिय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

Phone : 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या:२०७५।७६ च.नं. ६२४

मितिः २०७५।१२।१५

श्री प्रमुखज्यू,
डाक्नेश्वरी नगरपालिका,
पातो, डाक्नेश्वरी, सप्तरी

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट त्यस नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातहरुको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.१४ करोड ५७ लाख ९४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१ करोड ५५ लाख २१ हजार, नियमित गर्नुपर्ने रु.८७ लाख ८० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.९ करोड ८५ लाख २४ हजार र पेश्की रु.२ करोड २९ लाख ६९ रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।११।१८ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृयासहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजू फछ्र्यौट नभई कायम व्यहोराको लेखापरिक्षण प्रतिवेदन पाना बाईस (२२) यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

**डाक्नेश्वरी नगरपालिका**
**लेखापरीक्षण प्रतिवेदन**
**२०७४।७५**

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नै नगरपालिका स्थापनाको प्रमुख उदेश्य हो । २ नं. प्रदेशमा अवस्थित यस नगरपालिका अर्न्तगत १० वडा, मनोनितसमेत ५५ सभा सदस्य रहेका छन् ।

**स्थानीय संचितकोष:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालन नभएका व्ययहरुको आय-व्यय हिसावको आर्थिक वर्ष २०७४।७५ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

**संचित कोषको हिसाव**
आर्थिक वर्ष २०७४।७५

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| सि न | विवरण | रुकम रु. | सि न | विवरण | रुकम रु. |
| १ | **गत आ.ब.को मौज्दात अल्या** | | | **चालु खर्च** | |
| | क) नगद | | १ | आन्तरिक श्रोत | १२४३४०.०० |
| | ख) बैंक | ५९१७८३६.२० | २ | बितिय समानिकरण अनुदान | २३०२६३२७.२५ |
| | ग) धरौटी खाता | | ३ | शसर्त अनुदान | ११३७६९८७१.८९ |
| | घ) आन्तरिक श्रोत | १२४३४०.०० | ४ | युनिसेफबाट प्राप्त रकम | १२०७५३९.९८ |
| २ | आन्तरिक श्रोत आम्दानी | १२०६३२७.०० | ५ | ति.गा.पा.बाट कृ.प्रा.को प्राप्त | १९९५३० |
| ३ | बितिय समानिकरण अनुदान | २३७०१४००० | ६ | सडक वोर्ड नेपालवाट प्राप्त | २४२५००० |
| ४ | शसर्त अनुदान | १२२७८४००० | ७ | जि.स.स.स.बाट सा.प.को पा. प्राप्त | ३९६००० |
| | युनिसेफबाट प्राप्त रकम | १८४५४००.०० | | दैवीप्रकोप उदार समिति सप्तरीबाट प्राप्त | ५००००० |
| | ति.गा.पा.बाट कृ.प्रा.को तलव प्राप्त | १९९५३० | | जि.प्र.का.सप्तरीबाट वाढी पिडित | ८८७५००० |
| | सडक वोर्ड नेपालवाट प्राप्त रकम | २४२५००० | | सामाजिक सुरक्षा | ६८३२१९०० |
| | जि.स.स.स.बाट सा.प.को पा प्राप्त | ३९६००० | | स्था.शा.तथा सा.वि.कार्यक्रम | ३३२००० |
| | दैवीप्रकोप उदार समिति सप्तरीबाट प्राप्त | ५००००० | | गरिब सँग विश्वेश्वर कार्यक्रम | ४२९००० |
| | जि.प्र.का.सप्तरीबाट वाढी पिडितको प्राप्त | ८८७५००० | | बहुक्षेत्रीय पोषण कार्यक्रम | १०७२४०० |
| ५ | सामाजिक सुरक्षा | ६८३२१९०० | ८ | सीमा क्षेत्र वि.कार्यक्रम | १७२७००० |
| ६ | स्था.शा.तथा सा.वि.कार्यक्रम | ३३२००० | ९ | **पुँजीगत खर्च** | |
| ७ | स्था.शा.तथा सा.वि.कार्यक्रम | ५९९०१३ | १० | बित्तिय समानिकरण अनुदान | १७०४१६९३४.०२ |
| ८ | गरिब सँग विश्वेश्वर कार्यक्रम | ४२९००० | | स्था.शा.तथा सा.वि.कार्यक्रम | ५९९०१३ |
| ९ | बहुक्षेत्रीय पोषण कार्यक्रम | १०७२४०० | ११ | सीमा क्षेत्र वि.कार्यक्रम | १०१७३१९२ |
| | | | | **अन्तिम मौज्दात** | |
| १० | सीमा क्षेत्र विकास का. | १०१७३१९२ | १२ | संचित कोष | ५१८००५५४.२० |
| ११ | सीमा क्षेत्र विकास का. | १७२७००० | १३ | चालु खाता | २९९३११६.८६ |
| १२ | धरौटी | ४२४०२६ | १४ | पुंजीगत खाता | ५५५३२१९.०० |
| | | | १५ | धरौटी खाता | ४२४०२६.०० |
| | **जम्मा** | **४६४३६५९६४.२०** | | **जम्मा** | **४६४३६५९६४.२०** |

क्रमश:

**कार्यालय:** श्री .डाक्नेश्वरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय, पातो बजार, सप्तरी । **आर्थिक वर्ष:** २०७४।७५

| सि न | लेखापरिक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| १. | **वजेट पेश गर्ने तथा पारित गर्ने:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय-व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय-व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय-व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ । तर नगरसभाले चालु आर्थिक वर्षको आय-व्ययको अनुमान र आगामी आर्थिक वर्षमा संचालन हुने योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण २०७४ फाल्गुन २४ गते मात्र स्वीकृत गरेको छ । अगामी आर्थिक वर्षको आय-व्ययको अनुमान कानूनले तोकेको समयावधि भित्र सम्पन्न गर्न व्यवस्था गर्ने तर्फ ध्यानाकर्षण गरिएको छ । | |
| २. | **खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार संचालन् ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को आय-व्ययको प्रक्षेपण २०७४ फागुन २४ गतेमा सभावाट स्वीकृत भएकोमा स्वीकृत भएको ७ दिन भित्र प्रमुख प्रशासकिय अधिकृतलाई खर्च गर्ने अख्तियारी उपलब्ध गराएको देखिएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ३. | **बैङ्क हिसाब समायोजन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२ मा प्रत्येक कार्यालयले आर्थिक कारोबारको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले २०७५ आषाढ मसान्तमा स्रेस्ता र बैंक मौज्दात फरक देखिएकोमा बैंक हिसाब समायोजन विवरण (म.ले.प.फा.नं.१५) तयार गरेको छैन । नगरपालिकाले उपलब्ध गराएको आर्थिक विवरण तथा बैङ्क स्टेटमेन्ट अनुसार स्थानीय निकायको सञ्चितकोष खातामा श्रेस्ता अनुसार रु. ६०७,७०,९१६।०६ र वैंक अनुसार रु. १५,९२,०७,५३९।७० मौज्दात देखिएको छ । अत श्रेस्तामा भन्दा वैंकमा रु. ९,८४,३६,६२३।६४ वढी भएकोमा कारणसहित वैंक हिसाव समायोजन विवरण तयार गरी हिसाव मिलान गर्नुपर्ने देखिएको, रु. | ९,८४,३६,६२३।६४ |
| ४. | **फ्रिज** : आर्थिक बर्षको अन्तसम्ममा खर्च नभई बाँकी रहेको सशर्त अनुदान रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नु पर्दछ । तर कार्यालयले सशर्त शिक्षा र स्वास्थ्य तर्फ रु बाँकी रु ९१,०८,९८८।७१ सम्वन्धीत खातामा जम्मा गरेको छैन । अत: उक्त रकम संघीय संचित कोष खातामा दाखिला गर्नुपर्ने रु. | ९१,०८,९८८।७१ |
| ५. | **वित्तीय प्रगतिको स्थिति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका नगर स्तरिय तथा वडा स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण दिएको देखिएन । कार्यालयको समग्रमा वित्तीय प्रगति निम्नानुसार देखिन्छ । बजेटमा भएको व्यवस्था अनुरुप कार्यक्रम, कार्य लक्ष्य र समय विच तादाम्यता मिलाई वित्तीय प्रगति अपेक्षापूर्ण बनाउन आवश्यक छ । | |

| सि.नं | कार्यक्रम | वजेट रु | खर्च रु | प्रतिशतमा |
|---|---|---|---|---|
| १ | समानीकरण अनुदान | १३,३५,२५,००० | १२,२७,८४,००० | ९१.९५ |
| २ | सशर्त अनुदान | २३,७०,१४,००० | २३,७०,१४,००० | १०० |

| | | |
|---|---|---|
| ६. | **योजनागत लक्ष्य प्रगति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ अनुसार वार्षि प्रगति विवरण बनाउनु पर्ने व्यवस्था छ । त्यस अनुरुप कार्यालयले चालु वर्ष सम्पन्न गरेका, सम्पन्न गर्न बाँकी रहेका तथा सम्पन्न हुन नसकेका योजनाको एकमुष्ठ प्रगति विवरण तयार गर्नु पर्दछ । तर कार्यलयले तयार गरेको छैन । यसबाट योजनागत प्रगति यकिन गर्न सकिएन । | |

| सि न | लेखापरिक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| | योजनाको सम्पूर्ण अभिलेख अद्यावधिक गरी योजनागत प्रगति विवरण तयार गर्न योजना शाखालाई जिम्मेवार बनाइनु पर्दछ । | |
| ७. | **योजना र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने र योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दिर्घकालिन प्रकृतिका ठुला योजना छनौट नगरी साना साना र टुक्रे योजनामा बजेट व्यवस्था गरेको छ । अत: ठुला योजना छनोटलाई प्राथमिकतामा राखिनुपर्दछ । | |
| ८. | **आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययीता, प्रभावकारीता, नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक नियन्त्रण सम्वन्धि निर्देशिका तयार गरेको छैन । आन्तरिक नियन्त्रणका सम्बन्धमा देहायको अवस्था देखिएको छ । अत आन्तरिक नियन्त्रण प्रणाली सम्वन्धि निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याईनुपर्ने देखिन्छ ।<br>क) राजश्व वक्यौता असुली सन्तोषजनक नभएको ।<br>ख) जिन्सी सामानको मर्मत तथा लिलाम विक्रि नगरेको ।<br>ग) आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६८(१) अनुसार व्यक्तिगत धरौटी खाता अद्यावधिक नराखेको<br>घ) आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) मा खर्च भएको सबै रसिद र बिल भरपाईहरुमा प्रमाणीत गर्ने नगरेको<br>ङ) इन्धन खर्चको लगबुक राख्ने नगरेको<br>च) उपभोक्ता समिति मार्फत भुक्तानी भएको मु.अ.करको जानकारी सम्बन्धीत आन्तरीक राजश्व कार्यालयलाई दिने नगरेको<br>छ) कार्यालयले अन्तर्गतका कर्मचारीहरुको तलबि प्रतिवेदन पारीत गराएर मात्र तलब खर्च लेख्नुपर्नेमा पारित गराएको छैन<br>ज) सवारी साधन मर्मतको म.ले.प. फा.नं. २ नराखेको<br>झ) खरिद आदेश बिना सामान खरिद<br>ञ) योजना अभिलेख खाता राख्नु पर्नेमा सो राखेको पाइएन | |
| ९. | **वातावरणीय प्रभाव :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाँउ/नगरपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । सालबसाली सरसफाईको काममा आफ्नो क्षेत्रको सडक सफाई, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, दैनिक ढल निकास खोल्ने कार्य, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, चाडपर्व, शनिवार नगर र नदी सरसफाई आदी कार्यहरु पर्दछन् । तर कार्यालयले वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सोलार बत्ती, मोटोराइज ट्राइसाईकल, ब्यालर, कम्पोष्ट प्लान्ट सचेतना लगायतको अभियान संञ्चालन गरी वातावरण सुधार गर्ने कार्य भएको छैन । वातावरणीय प्रभाव मूल्याङ्कनलाई ध्यान दिई कार्यक्रम संचालन गरिनुपर्दछ । | |
| १०. | **अनुगमन मुल्यांकन एवं पृठपोषण व्यवस्था:** कार्यालयले अनुगमन गर्दा अनुगमन प्रतिवेदन लिने र अनुगमन प्रतिवेदनमा निर्देशन दिएको हुनुपर्ने, निर्देशनको कार्यान्वयन र अनुगमन पश्चात पृष्ठपोषणको व्यवस्था गरिएको हुनु पर्दछ । कार्यालयले सीमा क्षेत्र विकास कार्यक्रम अन्तर्गत | |

| सि न | लेखापरिक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| | समेत ४ जनालाई रु ३४,४०० भुक्तानी गरेको देखियो । तर कार्यालयले अनुगमन प्रतिवेदन तयार गरेको छैन । अत: अनुगमन पश्चात अनुगमन प्रतिवेदन तयार गर्ने, निर्देशन दिने, निर्देशनको कार्यान्वयन तथा पृष्ठपोषणको व्यवस्था गर्ने गरिनु पर्दछ । | |
| ११. | **पेश्की बाँकी:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) अनुसार पेश्की फछ्र्यौट गर्नुपर्ने र समयमा पेश्की फछ्र्यौट नगरेमा सम्पुर्ण पेश्की रकममा म्याद नाघेको मितिले बार्षिक १० प्रतिशत दरले ब्याज समेत असुल गर्ने व्यवस्था छ । कार्यालयको विवरण अनुसार गाउँपालिकाले निम्न कर्मचारीहरुको नाममा रहेको रु.१,५०,०००।०० पेश्की फछ्र्यौट नगरी बाँकी रहेको छ । उक्त पेश्की नियमानुसार फछ्र्यौट गर्नु पर्ने रु | १,५०,०००।०० |

| पेश्की लिनेको नाम | कार्यक्रम | पेश्की रु. |
|---|---|---|
| श्री ललित नारायण महतो | मर्मत | ६०,०००।०० |
| श्री धर्मनारायण यादव | अमानत कार्य | ६०,०००।०० |
| श्री रामसेवक मण्डल | अमानत कार्य | ३०,०००।०० |
| **जम्मा** | | १,५०,०००।०० |

| सि न | लेखापरिक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| १२. | **स्थानीय तथ्यांक, अभिलेख तथा स्रोत नक्सांकन** : स्थानीय सरकार संचालन ऐन, २०६४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन वा प्रोफाइल तयार गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । अत: तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| १३. | **आयको अनुमान:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम स्रोत अनुमान तथा वजेट सीमा निधांरण समितिले गाँउ/नगरपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । कार्यालयले पेश गरेको आय-व्ययको आन्तरिक आयतर्फ आर्थिक वर्ष २०७४।७५ मा मालपोत, कर, सेवा शुल्क, दस्तुर अनुमानित रु. ४५२५,०००।– प्राप्त हुने प्रक्षेपण गरेकोमा रु. १२,०६,३२७।०० (२९.४०%)अर्थात अनुमान भन्दा ७०.५९ प्रतिशत घटी आय प्राप्त गरेको छ । अत: आम्दानीका अन्य स्रोतको पहिचान गरी आय अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धी गर्ने तर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| १४. | **एकीकृत विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ वमोजिम प्रत्येक आर्थिक वर्ष र आय-व्ययको एकिकृत लेखा बनाई पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले तयार गरेको एकिकृत आर्थिक विवरणमा सबै विषयगत क्षेत्रको कारोवार समेटेको छैन । विभिन्न समयमा महिला विकास, जि.स.स., म.स्वा.से लगायतको बिंऊ पूँजी तथा अन्य आयको हिसावमा खुलासासमेत नगरेको स्थिति छ । थप श्रोत पहिचान गरी कारोवार समेटनु पर्दछ । | |
| १५. | **बक्यौता रकम असुली** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तिय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का वापत वक्यौतासमेत असुली गर्ने व्यवस्था छ । कार्यालयले उठ्नुपर्ने रकमको आयगत लगत तयार गरेको छैन । आय ठेक्का, सम्पत्ति बिक्री, मालपोत, अन्त:शुल्क, कर दस्तुरको वडागत लगत तयार नगरेवाट वक्यौता देखिन सक्ने अवस्था रहेन । उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी उठ्नुपर्ने र वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन तथा प्राप्त हुनुपर्ने आयको लेखा हिसाव तयार गर्ने तर्फ ध्यान दिनु जरुरी छ । | |

| सि न | लेखापरिक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| १६. | **आन्तरिक आय :** कार्यालयले यो वर्ष रु. ६,७५,२२१।२९ आन्तरिक आय प्राप्त गरेकोमा कार्यालय अन्तर्गतका १० वटा वडाको आम्दानी एकमुष्ट केन्द्रलेसमेत दाखिला गर्ने गरेको देखियो । वडा कार्यालयहरुमा आयको दैनिक प्राप्ती खाता, आयको मासिक विवरण समेत वनाउने गरेको देखिएन । जसबाट कुन वडाले कार्यालयको आयमा गरेको योगदान एकिन हुन सकेन । अत: कार्यालयले प्रत्येक वडाको आन्तरिक आयको दैनिक प्राप्ती खातामा अभिलेख राखि सोहि अनुसार दाखिला गर्ने व्यवस्था मिलाउनुपर्ने र प्रत्येक वडाले मासिक आय विवरण तयार गरि कार्यालयमा पठाउने र कार्यालयले वडागत विवरणसमेत देखिने गरी मासिक र वार्षिक आय विवरण तयार गर्नुपर्ने देखिन्छ । | |
| १७. | **राजश्वको अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष राजश्व आम्दानीको म.ले.प.फा.नं. १०८ र २३ नराखेको तथा दैनिक राजश्व असूलीको भौंचर उठाएको देखिएन । साथै असुली रकम भोलीपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले मासिक/त्रैमासिक रुपमा दाखिला गर्ने गरेको देखियो । अत: नियमावली अनुसार असुली रकम समयमै दाखिला गरि म.ले.प.फा.नं. १०८ र म.ले.प.फा.नं. २३ राखि राजश्व असूली लेखा व्यवस्थित गर्नुपर्दछ । | |
| १८. | **भूमीकर (मालपोत):** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५६ मा गाँउ/नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्रको जग्गामा त्यस्तो जग्गा उपयोगका आधारमा भूमीकर (मालपोत) लगाउन सक्ने उल्लेख छ । कार्यालयले यो वर्ष वडा कार्यालयहरु मार्फत भूमीकर (मालपोत) तथा एकिकृत सम्पत्तीकरसमेत रु. १२,०६,३२७।०० संकलन गरेको विवरण पेश गरेको छ । उक्त आयको श्रोतगत अभिलेख राखेको देखिएन । अत: अभिलेख व्यवस्थित बनाई भूमीकर (मालपोत) असूलीमा वृद्धि ल्याउनुपर्दछ । | |
| १९. | **व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाँउ/नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष कार्यालयले व्यवसाय कर संकलनको अभिलेख राखेको देखिएन । कार्यालय र वडा कार्यालयवाट व्यवसाय दर्ता हुने गरेकोमा सोको विवरण प्राप्त नभएबाट कार्यालयमा दर्ता भएका व्यवसायको संख्या यकिन गर्न सकिएन । कार्यालयले व्यक्तिगत स्वघोषणाका आधारमामात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायीहरुको अनुगमन गर्ने गरेको छैन । अत: आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ । | |
| २०. | **सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा स्थानीय तहले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । यस वर्ष कार्यालयले सवारी दर्ता लगत तयार नगरेकोले सवारी दर्ता संख्या तथा राजश्व असुलीको अवस्था यकिन गर्न सकिएन । अत: सम्वन्धित निकायसँगको समन्वयमा सवारी साधनको अभिलेख राखि कर असूलीलाई प्रभावकारी बनाउन ध्यान दिनु जरुरी छ । | |
| २१. | **मनोरञ्जन कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियाँ हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७४।७५ मा कार्यालयले यस शीर्षकमा कर संकलन गरेको देखिएन । कार्यालयले क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । | |
| २२. | **आय रसिद:** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम (९) अनुसार करदाता वा सेवाग्राहीवाट प्राप्तहुने राजश्व राजश्व दाखिला जम्मा गर्नु कार्यालयले नगद संकलन गरी बैकमा दाखिला गरेको बैंक भौचर समेतको सम्बन्धीत खातामा प्रविष्टी गरी श्रेस्ता राख्नुपर्ने, | |

<table>
<tr><th>सि न</th><th>लेखापरिक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td></td><td>नगद राजश्व आम्दानी बैंक दाखिला विवरणमा प्रविष्टी गर्नु पर्ने, कार्यालयमा नगद वा बैंक भौचरको रुपमा प्राप्त भएको जुनसुकै राजश्व रकम अनिवार्य रुपमा आम्दानी रसिद काटी सम्बन्धीत खातामा आम्दानी जनाउनु पर्ने व्यवस्था छ । तर कार्यालयमा विभिन्न वडा कार्यालयहरुमा पञ्जिकरण दर्ता, सिफारिस दस्तुरको संकलन गर्दा केही राजश्व रसिद नकाटी दाखिला गर्ने तथा समयमा नै दाखिला नगर्ने गरेको देखिएकोले रसिद काटेर मात्र सेवा दस्तुर संकलन गरी सो कानुनमा भएको व्यवस्था बमोजिमको समय भित्र दाखिला गरिनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२३.</td><td>राजश्व मस्यौट आर्थिक कार्यविधि ऐन, २०५५ दफा १३ अनुसार आफ्नो जिम्मामा आएको सरकारी नगदी सोहि दिन वा त्यसको भोलि पल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले १० दिनसम्म ढिलो गरेको भए १० प्रतिशत, १५ दिनसम्म ढिलो गरेको भए पन्ध्र प्रतिशत जरिवाना गरी सोसमेत दाखिला गर्न लगाउने र १५ दिनभन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसुरकोमात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाहीसमेत गर्न गराउन सक्ने व्यवस्था छ । यस कार्यालयबाट प्राप्त भएको राजस्व असुली र दाखिलाको विवरणमा निम्न अनुसार घटि दाखिला गरेको देखिएकोले सम्बन्धित वडा सचिवहरुबाट असुल गर्नुपर्ने रु
<table>
<tr><th>वडा</th><th>सचिवको नाम</th><th>राजस्व असुलि</th><th>दाखिला</th><th>घटी दाखिला</th><th>जरिवाना</th><th>जम्मा</th></tr>
<tr><td>२</td><td>श्री विनोद कुमार ठाकुर</td><td>३५७४७.००</td><td>२९८५४.००</td><td>५८९३.००</td><td>१४७३.२५</td><td>७,३६६.२५</td></tr>
<tr><td>३</td><td>श्री राजेन्द्र प्रसाद शर्मा</td><td>१२१५३५.००</td><td>११२१७३.००</td><td>२८४७७.००</td><td>७११९.२५</td><td>३५,५९६.२५</td></tr>
<tr><td>१</td><td>श्री तारिणी प्रसाद यादव</td><td>३८६३९.००</td><td>३२८२०.००</td><td>५८१९.००</td><td>१४५४.७५</td><td>७,२७३.७५</td></tr>
<tr><td>६</td><td>श्री दिलिप कुमार मेहता</td><td>७४५२३.००</td><td>५२५८८.००</td><td>२१९३५.००</td><td>५४८३.७०</td><td>२७,४१८.७५</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>७७,६५५.००</td></tr>
</table></td><td>७७,६५५।००</td></tr>
<tr><td>२४.</td><td>दैनिक आम्दानी टिपोट वडा नं ४, ५, ७, ८, ९ र १० को लेखापरिक्षणका क्रममा नगदी रसिद र ठेलीको टिपोट पेश गरेको छैन । सो वडाहरुको राजस्व आम्दानी तथा बैंक दाखिला सम्बन्धमा कार्यालयले छानविन गरि दाखिला हुन बाँकी रकममा २५ प्रतिशत जरिवानासमेत असुलउपर गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२५.</td><td>सिफारिस दस्तुर: लेखा निर्देशिका २०७३ को ८.६ मा संकलन भएको राजस्व र उठ्न बाँकी राजस्व रकमको लगत तयार गरी लेखा अध्यावधिक गरी राख्नु पर्ने, नगद वा चेक बैंक भौचरको रुपमा राजस्व प्राप्त गरेपछि आम्दानी रसिद दिनुपर्ने, आम्दानी रसिद सिलसिलेवार रुपमा बहोरिने गरी रसिद नै छापिएको हुनुपर्ने आम्दानी रसिद प्रयोग गर्दा रसिद नियन्त्रण खाता राख्नुपर्ने, कार्यालयमा नगद वा बैंक भौचरको रुपमा राजस्व प्राप्त भएपछि मलेप फारम नं. १० (क) को ढाँचामा राजस्वको गोश्वारा भौचर तयार गरी राजस्व शिर्षक खुल्नेगरी सम्बन्धित मलेप फारमहश्वर २३.१०८ (क) १०८ (ख) र १०८ मा प्रविष्टी गर्नुपर्ने व्यवस्था छ । यस कार्यायले उठ्न बाँकी राजस्वको लगत तयार गरेको देखिएन रसिद नियन्त्रण खाता राखि रसिदको आम्दानी र खर्च अध्यावधिक गरेको देखिएन सिफारिस दस्तुर र मालपोत राजस्वको फरक फरक रसिद प्रयोग गरेको पाइयो । सिफारिस दस्तुरको सिलसिलेवार रसिद नं. को प्रयोग गरिएको छैन तथा राजस्व आम्दानी तथा दाखिला गर्दा राख्नुपर्ने अभिलेख मलेप फाराम २३ र १०८ मा प्रविष्टी गरी लगत अध्यावधिक गरेको देखिएन । वडामा सिफारिस दस्तुरको ठेलि पेश नभएकोले सिफारिस दस्तुर असुल गर्दा रसिद लिएर मात्र सेवाशुल्क लिने अवस्था सुनिश्चित हुन सकेन ।</td><td></td></tr>
<tr><td>२६.</td><td>पोखरी ठेक्का : गाउँपालिका भित्र जम्मा १० वटा सार्वजनिक पोखरी रहेको देखियो । कार्यालयले आन्तरिक आम्दानी बढाउन नियमानुसार ठेक्का व्यवस्थापन गर्नु पर्ने व्यवस्था छ । उक्त पोखरी मध्ये ६ वटा मात्र ठेक्का लगाएको देखिएकोले बाँकी ४ वटा समेत ठेक्का लगाई आन्तरिक श्रोत बढाउनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२७.</td><td>विद्युतीय लेखा : स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७६ मा कारोवारको लेखा</td><td></td></tr>
</table>

<table>
<tr><th>सि न</th><th>लेखापरिक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td></td><td>राख्नुपर्ने तथा गाउँ/नगरपालिका कार्यालयहरुले महालेखा नियन्त्रक कार्यालयले निःशुल्क रुपमा उपलब्ध गराउने Sub National Treasury Regulatory Application (SUTRA) को प्रणाली प्रयोग गरी लेखा राख्नु पर्ने व्यवस्था छ । अत्त : कार्यालयले महालेखा नियन्त्रक कार्यालयले निःशुल्क रुपमा उपलब्ध गराउने Sub National Treasury Regulatory Application (SUTRA) को प्रणाली प्रयोग गर्ने गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२८.</td><td>टुक्रापारी खरिद: सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९ र १० अनुसार लागत अनुमान तयार गर्नु पर्ने र नियम ३१ अनुसार रु २० लाख भन्दा बढि भए बोलपत्र खरिद गर्नुपर्ने र नियम ८५ (१ख) अनुसार पटक पटक गरि खरिद गर्न नहुने व्यवस्था छ । तर कार्यालयले संघीय संरचना पूर्वाधार विकास शिर्षक अन्तरगत देहाय अनुसार टुक्रा टुक्रा पारी रु ५ लाख भन्दा घटिको लागत अनुमान तयार गरि सोझै खरिद गर्ने गरेको देखियो । त्यस्तो औषधी खरिदमा टुक्रापारी दरभाउपत्रमा खरिद गरिएको देखियो । यसबाट नियमावलीको कार्यान्वयन एवं प्रतिस्पर्धात्मक खरिद प्रणालीबाट हुने खरिदको मितव्ययितामा असर परेको छ । यसको कारण नियमको अनुशरण नगरिनु हो । अतः नियमावलीको व्यवस्थाको कार्यान्वयन गरी मितव्ययि रुपमा खरिद कार्य गरिनु पर्ने रु
<table>
<tr><th>भौ.नं. र मिति</th><th>कामको विवरण</th><th>आपुर्तक/सेवा प्रदायक</th><th>खर्च रु.</th></tr>
<tr><td>१- २०७४।०५।२१</td><td>ब्याट्रि, इन्भर्टर आदि</td><td>राजदेवी कम्प्यूटर ट्रेडर्स</td><td>४८४७७०</td></tr>
<tr><td>४- २०७४।०६।०१</td><td>डेल कम्प्यूटर - ८</td><td>डिम्पाक्स इन्टरनेशनल</td><td>४६८०००</td></tr>
<tr><td>२- २०७४।१२।२९</td><td>ल्यापटप, डेस्कटप, मनिटर</td><td>लहान अफिस अटो</td><td>४९९७८६</td></tr>
<tr><td>२- २०७४।१२।२९</td><td>प्रिन्टर, प्रोजेक्टर, फोटोकापी</td><td>इन्टरफेस आई टि सोलुसन</td><td>३२४७१२</td></tr>
<tr><td>२३४-२०७५।०३।२९</td><td>औषधी खरिद</td><td>जन आशिर्वाद फार्मेसी</td><td>२०००००</td></tr>
<tr><td>२३५-२०७५।०३।२९</td><td>औषधी खरिद</td><td>ग्लोबल ट्रेड सेन्टर</td><td>१६९४३८</td></tr>
<tr><td>२३६-२०७५।०३।२९</td><td>औषधी खरिद</td><td>जन आशिर्वाद फार्मेसी</td><td>५०००००</td></tr>
<tr><td>९३-२०७५।०३।०८</td><td>औषधी/उपकरण</td><td>विएमजी सप्लायर्सका ४ बील</td><td>६७३५०८</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>५१,२०,२१४</td></tr>
</table></td><td>५१,२०,२१४</td></tr>
<tr><td>२९.</td><td>मोटरसाईकल खरिद: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ र ११ अनुसार मालसमानको स्पेसिफकिशनको अधिनमा रही लागत अनुमान तयार गर्नु पर्ने र नियम ८५ अनुसार रु ५ लाखसम्म भए सोझै खरिल, नियम ८४ अनुसार रु २० लाख सम्म भए शिलबन्दी दरभाउ पत्र र नियम ३१ अनुसार रु २० लाख भन्दा माथी वढी भए वोलपत्रको माध्यमवाट खरिद गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले लागत अनुमान तयार नगरी १३ वटा मोटर साइकल ७ दिने सूचना प्रकाशन गरी शिलवन्दी कोटेशन र २ वटा मोटर साइकल अलग अलग हाते कोटेशनमा खरिद गरि वोलपत्र छलेको देखियो । कार्यालयको अन्तरिक श्रोत प्रयाप्त नभएको अवस्थामा अर्थमन्त्रालयको स्वीकृति नलिई गरेको खर्च नियमित नदेखिएको रु
<table>
<tr><th>भौ.नं.र मिति</th><th>आपुर्तक</th><th>सवारी विवरण</th><th>संख्या</th><th>रकम</th></tr>
<tr><td>८०-२०७५।०३।०७</td><td>जगदम्बा अटो</td><td>यामाहा ँश्क - १४९ सि.सि.</td><td>१३</td><td>३४५६६८९</td></tr>
<tr><td>९८-२०७५।०३।१२</td><td rowspan="2">अटोमोवाइल एण्ड इलेक्ट्रोनिक्स</td><td>एभेन्जर १८० सि.सि.</td><td>१</td><td>२७१९००</td></tr>
<tr><td>२०९-२०७५।०३।३१</td><td>एभेन्जर २२० सि.सि.</td><td>१</td><td>३३४९००</td></tr>
<tr><td colspan="4">जम्मा :</td><td>४०६३४८९</td></tr>
</table></td><td>४०६३४८९/-</td></tr>
<tr><td>३०.</td><td>ट्रेक्टर खरिद : कार्यालयको आन्तरिक आय श्रोतवाट सकिने भए मात्र गाडी खरिद गर्नु पर्ने र पुर्वाधार लगायत निर्माण कार्यमा प्राप्त निकासालाई लोडर खरिदमा उपभोग गर्नु हुदैन । तर कार्यालयले २०७४।१२।२० मा अन्नपूर्ण पोष्टमा सूचना प्रकाशित गरी परेको ४ बोलपत्रदाता मध्ये घटि कवोल गर्ने बोलपत्रदाता एमडि इन्टरनेशनलको रु. ११,२१,१२१ को बोलपत्र स्वीक गरी टेक्टर खरिद गरेको छ । अतः अर्थमन्त्रालयको स्वीकृति बेगर वित्तिय समानिकरण बजेटबाट खरिद गरेको देखिएकोले नियमित नदेखिएको रु</td><td>११,२१,१२१।-</td></tr>
</table>

**कार्यालय:** श्री .डाक्नेश्वरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय, पातो बजार, सप्तरी । **आर्थिक वर्ष:** २०७४।७५

<table>
<tr><th>सि न</th><th>लेखापरिक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td>३१.</td><td>स्कर्पियो गाडी खरिद: कार्यालयको आन्तरिक श्रोतवाट खरिद गर्न सकिने भएमा मात्र सवारी साधन खरिद गर्नु पर्दछ । तर कार्यालयका आन्तरिक श्रोतको आय न्यून भए तापनि पुँजिगत अनुदान खर्चवाट कार्यालयले २०७४/१२/२०मा पत्रीकामा सूचना प्रकाशन गरि वोलपत्र विक्री तथा भएको एक मात्र वोलपत्र दाता सिप्रदी ट्रेडिङ्गको कवोल अंक रु ३५,९५,०००।०० स्वीकृत गरि स्कारपियो गाडी खरिद गरेको छ । कार्यालयले खरिलका लागि e-bidding को व्यवस्था गरेको छैंन अत: कार्यालयले आन्तरिक श्रोतको आयवाट मात्र सवारी साधन खरिद गर्नु पर्नेमा पुँजिगत वजेटवाट खरिद गरेकोमा अर्थमन्त्रालयको स्वीकृति बेगर वित्तिय समानिकरण बजेटबाट खरिद गरेको देखिएकोले नियमित नदेखिएको रु</td><td>३५९५०००।-</td></tr>
<tr><td>३२.</td><td>आन्तरिक श्रोत र यातायात सुविधा : स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ को दफा ५ (१) मा प्रमुख, उप प्रमुख, अध्यक्ष, उपाध्यक्ष र वडा अध्यक्षलाई स्थानीय तहको आन्तरिक श्रोत समेतको अधारमा सम्बन्धीत स्थानीय तहले सवारी साधन उपलब्ध गराउन सकिने व्यवस्था छ । कार्यालयको २०७४/०७५ को आन्तरिक श्रोतको आम्दानी रु १३३०६६७ मात्र देखिएकोमा अध्यक्षको सुविधाका लागि स्कारपियो गाडी रु ३५ लाख ९५ हजारमा, उपाध्यक्ष र वडा अध्यक्षहरुको यातायात सुविधाको लागि १३ वटा मोटर साइकल खरिदमा ४० लाख ६३ हजार गरेको देखियो । भौतिक पुर्वाधार निर्माण सुधारको लागि विनियोजन गर्नु पर्ने रकम यातायात सुविधामा खर्च गर्ने कार्य नियन्त्रण गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>३३.</td><td>खर्चको प्रमाण : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा खर्च लेख्दा खर्चको वील भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । तर कार्यालयले पूँजीगत खर्च शिर्षकबाट देहायका खर्चको वील भरपाईहरु खर्च साथ राखेको देखिएन । यसवाट खर्च प्रमाणित असर परेको छ । अत: उल्लेखित खर्चका प्रमाण पेश गर्नु पर्ने रु
<table>
<tr><th>भौ.नं. र मिति</th><th>कार्यक्रम/शीर्षक</th><th>खर्चको विवरण</th><th>रकम</th></tr>
<tr><td>६-२०७५।०१।१४</td><td>समानीकरण पूँजीगत</td><td>राजस्व दाखिला प्रमाण नभएको</td><td>१०९४६</td></tr>
<tr><td>२-२०७४।०६।०१</td><td>विपद व्यवस्थापन</td><td>अमानतमा बाटो मर्मत गरेको ५ जनाको डोर हाजिर ज्याला नबुझाएकोले लेखा अधिकृत मनोज निरौलालाई असुल गर्नुपर्ने</td><td>३२७६०</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>४३७०६</td></tr>
</table></td><td>४३७०६/-</td></tr>
<tr><td>३४.</td><td>खर्च सार्वजनिकीकरण र सामाजिक परिक्षण: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (७) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नु पर्ने र आफुले गरेको काम कारवाहीका सम्बन्धमा सार्वजनिक खरिद अनुगमान कार्यालयले तोकेको प्रकृया वमोजिम तोकेको अवधि भित्र सामाजिक लेखापरिक्षण गराउनु पर्ने तथा उपनियम (१२) मा निर्माण कार्य सम्पन्न भए पछि सार्वजनिक निकायले सो को रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकि आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । तर अधिकांश उपभोक्ता समितिले खर्च सार्वजनिकरण तथा सामाजिक परिक्षण गराउने गरिएको छैन । केही उपभोक्ता समितिले सार्जजनिकिकरण फारम तयार गरेता फारममा आम्दानी श्रोत, खर्च विवरण, मौज्दात, भुक्तानी दिदाँ बाँकी अवस्था योजनाको लक्ष्य प्रगति केही पनि उल्लेख गर्ने नगरेको केवल योजनाको नाम र उपस्थित लाभग्राहीको हस्ताक्षर मात्र रहेको तर त्यसलाई पुष्ट्याँई गर्ने फोटो प्रमाणहरु केही पनि रहेको देखिएन । कार्यालयले तयार गरेको नापी कितामा उपभोक्ता समितिले पेश गरेको सामान खरिद तथा जनश्रमलाई उल्लेख गर्ने गरिएको छैन । यसले योजनाको गुणस्तर र प्रमानिकिकरणमा असर परेको छ । अत: उपभोक्ता समितिवाट सम्पन्न भएका योजनाहरुको खर्च सार्वजनिकिकरण तथा सामाजिक परिक्षण गराउने व्यवस्थाको अनुसरण गरिनु पर्दछ । उदाहरणार्थ
<table>
<tr><th>भौ.नं.र मिति</th><th>योजनाको नाम</th><th>लागत अनुमान</th><th>कार्यालय अंश रु.</th></tr>
<tr><td>३०१-२०७५।०३।३१</td><td>खडक नदि देखि पातो सिमानासम्म सडक</td><td>४९७१४३१।००</td><td>४००००००।००</td></tr>
</table></td><td></td></tr>
</table>

| सि न | लेखापरिक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| १६३-२०७५।०३।२५ | विषहरिया टोल देखि नहरसम्म सडक मर्मत ग्राभेल | १२१३५०८।०० | १०००००० ।०० |
| २९८-२०७५।०३।३१ | खैरी नदीमा कल्भर्ट निर्माण | १६६२१४९।०० | १५०००००।०० |
| १४९-२०७५।०३।२४ | वडा नं. ६ कार्यालय भवन निर्माण | २९९२०६०।०० | २७०००००।०० |
| १८-२०७५।०३।१३ | विन्दिको घरदेखि कासी ठाकुरको घरसम्म कलभर्ट निर्माण | ६६४८९८५।०० | ६०००००० ।०० |

३५. **योजना हस्तान्तरण :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति द्धारा निर्माण कार्य सम्पन्न भए पछि सार्वजनिक निकायले सो को रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकि आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । तर उपभोक्ता समितिद्धार निर्माण सम्पन्न भएको योजनाहरु कार्यालयले रेखदेख मर्मत सम्भारको जिम्मेबारी सहित समुदायलाई हस्तान्तरण गर्ने गरेको छैन यसवाट सम्पन्न योजनाको उपभोक्ता, मर्मत सम्भार, रेखदेख र स्वामित्व एवम योजनाको निरन्तरतामा असर परेको छ । अत: सम्पन्न योजनाहरु उपभोक्ता समिति वा लाभग्राही समुदायलाई हस्तान्तरण गर्ने गरिनु पर्दछ । योजना समाप्ती पश्चात हस्तान्तरण नभएका केही उदाहरण देहाय अनुसार छन् ।

| भौ.नं. र मिति | योजनाको नाम/उपभोक्ता समितिको नाम | लागत अनुमान | खर्च रु. | कार्यालय अंश रु |
|---|---|---|---|---|
| २०१-२०७५।०३।२५ | रतन घरदेखि राम सुन्दर मिलसम्म ग्राभेल/स्लाब | १६६२९४७ | १६६२९४७ | १५००००० |
| १२३-२०७५।०३।२० | महादेवा सडक मर्मत तथा माटो ग्राभेल | २४८५८०८ | २४८५८०८ | २०००००० |
| १६३-२०७५।०३।२५ | विषहरिया टोल देखि नहर सम्मको बाटो मर्मत | १२१३५०८ | १२१३९०८ | १०००००० |

३६. **कन्टिन्जेन्सी खर्च:** मेनरोड साविक वडा नं. ९ रामजानकी देवी राजाजी रोड जाने बाटो ढलानको लगष्त अनुमान तयार गर्दा ल्याव टेस्ट खर्च रु. ६०००।०० व्यवस्था गरेकोमा ल्याव टेष्ट प्रतिवेदन पेश गरेमा मात्र भुक्तानी गर्नु पर्दछ । तर कार्यालयले उपभोक्ता समितिलाई ल्याव टेस्ट नै नगराएकोमा रु. ६०००।०० भुक्तानी गरिएको छ । अत: उक्त रकम उपभोक्ता समूहबाट असुल उपर गर्नुपर्ने रु. — ६०००।००

३७. **सामाजिक सुरक्षा भत्ता पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७३(३)अनुसार पेश्की फर्छ्यौट गर्नुपर्ने र समयमा पेश्की फर्छ्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असुल गर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार गाउँपालिकाको सामाजिक सुरक्षा भत्ता तर्फ निम्न १० कर्मचारीको नाममा रहेको रु २,२८,१८,८००।- पेश्की बाँकी रहेकोले नियमानुसार फर्छ्यौट गर्नुपर्ने देखिएको रु. — २,२८,१८,८००।-

| पेस्की लिनेको नाम | पेस्की लिएको मिति | पेस्की रकम |
|---|---|---|
| श्री तारणी प्रसाद यादव | २०७५.०३.२२ | २१६१६००.०० |
| श्री विनोद कुमार ठाकुर | २०७५.०३.२२ | १३०२०००.०० |
| श्री राजेन्द्र प्रसाद शर्मा | २०७५.०३.२२ | २५३१२००.०० |
| श्री रामदेव यादव | २०७५.०३.२२ | ११०७२००.०० |
| श्री राजेन्द्र कुमार मण्डल | २०७५.०३.२२ | २५००८००.०० |
| श्री दिलिप कुमार मेहता | २०७५.०३.२२ | २५५२०००.०० |
| श्री धर्म नारायण यादव | २०७५.०३.२२ | ३१५९२००.०० |
| श्री रामबृक्ष राय | २०७५.०३.२२ | ३२५९२००.०० |
| श्री जागेश्वर प्रसाद साह | २०७५.०३.२२ | २३७९०००.०० |
| श्री मो. अहमद हुसेन | २०७५.०३.२२ | १८६६६००.०० |

३८. **चौमासिक प्रोफाइल :** सामाजिक सुरक्षा संचालन कार्यविधि २०७२ अनुसार सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुले प्रत्येक चौमासिक लाभग्राही खाता तयार गर्नु पर्दछ । यस

<table>
<tr><th>सि न</th><th>लेखापरिक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td></td><td>नगरपालकि अर्न्तगत वडा कार्यालयहरुले कार्यविधिमा व्यवस्था भए वमोजिम लाभग्राही अभिलेख खाता तयार गरेको तथा बैकिङ्ग प्रणालि मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरेको देखिएन । सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राही अद्यावधिक अवस्था यकिन हुन सकेन अत: चौमासिक लाभग्राही अभिलेख अद्यावधिक गरि सामाजिक सुरक्षा भत्ता वितरण गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>३९.</td><td>वील भरपाई : आर्थिक कार्यविधि नियमावली २०६४ को ३६ (३) मा खर्च गर्दा खर्चको वील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । नगरपालिकाको वडा नं. ७ ले सामाजिक सुरक्षाभत्ता वितरण पश्चात बाँकी रहेको रकम १२,०००।- पेश्की फर्छ्यौट पछि संचित कोषमा फिर्ता नगरि राखिएको पाइयो । अत: फिर्ता गर्न बांकी रहेको रकम रु. १२,०००।- वडा नं. ७ वडा सचिव धर्मनारायण यादवबाट असुल उपर गरी दाखिला गर्नुपर्ने रु.</td><td>१२,०००।-</td></tr>
<tr><td>४०.</td><td>कर्मचारी व्यवस्था : निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ती र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्वीकृत गरेको संगठनात्मक संरचना अनुसार कर्मचारी दरवन्दी ४७ रहेपनि स्थायी पदपूर्ति २५ मात्र भई २२ पद रिक्त रहेका छन । रिक्त पदहरु पदपुर्ती गर्ने तर्फ कुनै कारवाही गरेको देखिएन । अत: आवश्यक पदहरु पदपूर्ति गर्ने पहल गर्नु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>४१.</td><td>तलबी प्रतिबेदन : स्थानिय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था छ । तर कार्यालयले कर्मचारीको तलबी प्रतिवेदन पारीत नगरी तलव खर्च लेखेको छ । अत तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४२.</td><td>कर्मचारी प्रोत्साहन भत्ता: नेपाल सरकारवाट स्थानीय निकायमा खटिएका निजमति कर्मचारी मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदान कर्मचारीले तलव,दैनिक भ्रमण भत्ता र कार्यालय संचालन खर्च, क्षमता विकास खर्च, सामाजिक परिचालन खर्च पाउने व्यवस्था छ । केन्द्रिय बित्तिय समानिकरण चालु अनुदानबाट निम्न कर्मचारीहरुलाई प्रोत्साहन भत्ता रु १,७१,२८९।०८ खर्च लेखेको छ । नेपाल सरकारले तोकिदिएको काम गरेको अवधिकालागी तलव भत्ता सुविधा उपलब्ध गराएको अवस्थामा कुन काम कति अतिरिक्त समय कार्य गरी कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता भुक्तानी भएको हो सो समेत खुल्दैन । स्पष्ट आधार एवं नियमावलीमा स्पष्ट उल्लेख गरेभन्दा फरक कार्यमा खर्च लेखेको असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु
<table>
<tr><th>कर्मचारीको नाम</th><th>कुल खर्च</th><th>कर कट्टी</th><th>खुद भुक्तानी</th></tr>
<tr><td>प्र.प्र.अ.श्री मिलन दाहाल</td><td>३४२२०.००</td><td>३४२.००</td><td>३३८७७.८०</td></tr>
<tr><td>इन्जिनियर श्री कुलाननद विराजी</td><td>३०५००.००</td><td>३०५.००</td><td>३०१९५.००</td></tr>
<tr><td>लेखापाल श्री छत्र बहादुर श्रेष्ठ</td><td>२३५००.००</td><td>२३५.००</td><td>२३२६५.००</td></tr>
<tr><td>खरिदार श्री दिपेन्द्र झा</td><td>२२१७०.००</td><td>२२१.७०</td><td>२१९४८.३०</td></tr>
<tr><td>खरिदार श्री तपेश्वर साह</td><td>२२१७०.००</td><td>२२१.७०</td><td>२१९४८.३०</td></tr>
<tr><td>का.स. श्रीसुरेन्द्र नारायण गुप्ता</td><td>१६२३०.००</td><td>१६२.३०</td><td>१६०६७.७०</td></tr>
<tr><td>का.स. श्री डम्बर सदा</td><td>१६२३०.००</td><td>१६२.३०</td><td>१६०६७.७०</td></tr>
